हाम्रो प्रजाशक्ति
गान्तोक, आइतवार, १६ अप्रेल २०१७

कथा



# स्वार्थी मान्छे



विकास दुलाल

मने माइँलो साह्रै दुःखी छ। एक छोरो, एउटी छोरी, श्रीमती अनि आमा गरेर जम्मा पाँचजनाको परिवार छ मनेको। जन्मथलो सबै बाढ़ीले लगेपछि ऊ शहरको एउटा भाड़ाघरमा बस्छ। भर्खरै आएर संस्थापित भएको हुनाले उसलाई कसैले पनि त्यति चिन्दैनन्। नयाँ ठाउँ, नयाँ मान्छे। त्यहाँका सबै चीज उसलाई नौला नौला लाग्छ।

गाई, बाख्रा र कुखुरा बेचेर पाएको अलिअलि रुपियाँ पनि मोटर गुड़ाउँदै र बस्ने ठाउँ खोज्दैमा गयो। बल्ल आएर शहरमा मासिक ५ सय रुपियाँमा एउटा कोठाको परिबन्ध गर्छ तर अब खाने चाहिँ के हो? कसरी जाहान परिवारलाई पालन-पोषण गर्नु। जागिर खाउँ न ता भनौं भने विचरोले पढ़ेको छैन। जसोतसो एउटा सानो सानो पसल गरौं न ता भनौ भने पनि रुपियाँ जति स्वाहा भयो। अन्तिममा पुगेर उसले परदेश नै जाने निर्णय गर्छ।

''नौलो ठाउँमा छोरा, छोरी र सासूलाई लिएर कसरी बस्ने? फेरि आफु पनि स्वास्नीमान्छे। छोरो पनि सानै छ। सासू पनि बिरामी। न कसैलाई चिन्दछु न जान्दछु। फेरि सुनिरहन्थे शहरमा सबै मान्छे स्वार्थी हुन्छन्। मतलबी हुन्छन्। ऐँचोपैँचो, सरसापटी केही पनि चल्दैनन् भन्थे शहरमा। एकअर्कालाई चिन्दैनन्, जान्दैनन्। म यस्तो एउटा भीड़ शहरमा कसरी बस्न सकौला! के गरेर खाउँला। तपाई कतै जाने कुरा गर्दै नगर्नु।'' रातभरि आफ्नो पतिसँग सुशीलाले गन्थन गरिरही।

''तिमीले भनेको मैले बुझें। हो, म मान्दछु कि म बाहिर जान उचित छैन तर नगएर मैले पो के गर्नु? न यहाँ कतै काम पाइन्छ। कतै केही काम पाउनलाई पनि दाम चाहिन्छ। गाई, भैंसी, बाख्रा पाठा, कुखुरा आदि पालन-पोषण गरेर जीविका चलाऊ न भनौ भने पनि शहरको जग्गा! अब लौ तिमी नै भन त म के गरौ?'' श्रीमतीलाई सुम्सुमाउँदै मनेले मायालाग्दो बोल्छ।

''अब जानु नै हुन्छ भने मैले के गरौं त। मैले भन्नुपर्ने अब केही रहेन। आखिरमा तपाईंकै जीत भयो।'' अर्कातिर मुण्टो फर्काएर रिसाएझैं गरेर बोली सुशीला।

''मैले भनेको मान तिमी। केही सालको कुरा त हो। फेरि म आइपुगिहाल्छु नि। फोन गर्दै गरौला। चिन्ता नगर मेरो। याद आयो भने मलाई छ्यास्स एक मिसकल गर्नु म त्यहाँ पुगेर काममा लाग्नेबित्तिकै पहिलो महिनाको तलबले मोबाइल लिनेछु। अहिले तिमी मेरो ऐई मोबाइल राखिराख लौ। मसँग टिकट काटेर केही पैसा रहेछ त्यसको चामल र अलिकति सामानहरू किनिदिनेछु। एक महिना दुःख-सुख चल्दै गर्नु त्यसपछि त म पठाइदिइहाल्छु नि पैसा खुरु खुरु।'' स्वास्नीको अनुहारमा हेरेर शान्त स्वरमा मायालाग्दो पाराले सम्झाइरहन्छ। पूर्व उज्यालो हुनेबित्तिकै मने टिकट काट्न भनेर लाग्छ। मार्च २४ तारिखको कनफर्म टिकट हुन्छ। बेंगलोर जाने निश्चय गर्छ। घरमा बिरामी आमालाई सम्झाउँछ, छोरा-छोरीलाई फुस्लाउँछ र आफ्नी प्राणप्यारीलाई अह्राउने काम अह्राइ, सिकाइ गरेर एउटा सानो ब्यागमा एक जोड़ी कपड़ा र केही खानेकुरा लिएर स्टेशनतर्फ रवाना हुन्छ।

दिन जान कतिबेर चाहिँ लाग्छ र! आज-भोलि भन्दाभन्दै मने गएको पनि दुई महिना हुन्छ। पुगेका दिन पुगे भनेर गरेको त्यहाँबाट फोन गरेको पनि छैन। घरमा राखिदिएर गएको खोराकी पनि सकियो। अब कहाँबाट ल्याउने! कोठा भाड़ा पनि तिर्ने दिन आयो। हातमा एक रुपियाँ छैन। पहिल्यै श्रीमानसँग भनेजस्तै नै हुन्छ सुशीलाको हालत। एक दिनको कुरो, एक्कासी सासूको अवस्था बिग्रन्छ। साह्रै हुन्छ सुशीलाकी सासू। सुशीलाले १०८ बोलाएर तुरुन्तै अस्पताल लान्छे र आफ्ना मङ्गलसुत्र बेचेर सासूलाई निको पार्छे। सासूलाई मर्नबाट बचाएर नयाँ जीवनदान दिन्छे सुशीलाले। यता, सुशीलाको अवस्था झन् खराब हुँदैजान्छ। घरमा खोराकी सकिन्छ। घरको किराया तिर्न नसकेर भाड़ाघरबाट पनि विमुख हुनपर्छ। यतिकै सुशीलाकी सासू फेरि बिरामी हुन्छे। अघि पो मंगलसुत्र बेचेर निको पारी, अब त बेच्ने पनि केही छैन। रगत बेचेर भए पनि सासूको जीवनदान दिन्छु भनेर अस्पताल जाँदै गरेकी हुन्छे, अस्पताल नपुग्दै खबर सुन्छ सासू मरेकी। पति पनि परदेशी। अहिलेसम्म अतोपत्तो छैन। कस्ता स्वार्थी मान्छे रहेछन् कालेका बुवा त। आफु मात्र एक्लो ज्यान पालेर बसिरहन्छन् यहाँ के भइसक्यो। अतोपत्तो छैन। सासूले पनि अन्तिम स्वास फेरिन्। मेरा हातका र कानकाले काम क्रिया गरेँ। नाति काले बस्यो क्रियापुत्र भएर। यत्रो महाप्रलय हुँदा पनि नआउने, फोन नगर्ने कहाँसम्मको स्वार्थी मान्छे रहेछन् त कालेका बुवा! मनमनै सोचेर छक्क पर्छे सुशीला। धर्म घाटकी भएर डुलिहिँड़े कि छोरी सुशीलाको बारे सुनेर सुशीलाका बाबु-आमा दुःखी हुन्छन्। उनीहरूको चित्त दुख्छ। ज्वाइँदेखि धेरै क्रोधित हुन्छन्। छोरी, नाति-नातिनीलाई आफूसँगै राख्छन् र छोरी सुशीलालाई नाना प्रकारले बुझाउनतर्फ लाग्छन्। सुशीलाका माइती धनी हुन्छ। पिताजीको इच्छा विपरीत बिहे भएको हुन्छ सुशीलाको। उसले पनि पिता-माताको कुरा नमानेर आज यो अवस्थामा पुग्न गई भन्ने कुरो मनमनै सोच्छे र मनेदेखि साह्रै रिसाउछे। उसँग अबदेखि कहिल्यै नबोल्ने अठोट गर्छे। पिताले सुशीलालाई दोस्रो विवाह गर्न र मनेलाई छोड्नलाई अनुरोध गर्छ। आफ्ना पिताको मुखबाट त्यस्तो कुरा सुनेर सुशीला एकछिन टोलिन्छे र केही नबोली ढोका बन्द गरेर मनेबारे सम्झँदै रुन थाल्छे।

एकछिनपछि आमा आएर सम्झाउछिन्  ''हेर छोरी तैंले आफ्नो भविष्यका बारे सोच्न पर्छ। हामी सधैं तसँगै हुँदैनौं। माइती सधैं र एउटै हुँदैन। भोलि तेरी भाउजू आउछे। तँ पराय प्यारी हुनैपर्दछ। तैंले पहिले नै बुवाको कुरो मान्दिएकी भए आज तेरो यो हाल हुने थिएन। अब अन्तिमपल्ट चाहिँ पिताको कुरो मानिदे छोरी। बुवाले लण्डनमा बस्ने रणवीर राईको छोरा वसन्तसँग तेरो विहे पक्का गरिदिनुभयो। अब तँ उसैसित जा र आफ्नो भविष्य सुधार। नत्र त्यो स्वार्थी मनेको भरमा परेर तेरो जिन्दगी बर्बाद हुनेछ।''

अन्तिममा सुशीलाले पुनर्विहा गरी। छोरी आफैसँग राखी औ छोरालाई माइतमै छोडिदिइ। आमा-बुवाको कुरा मान्न करै लाग्यो उसलाई। एक दिन मने हाँस्दै, रमाउँदै शहरमा आइपुग्छ। यतिका दिनसम्म तलब नपठाउनाले र बिरामी हुनाले ऊ आउन नपाएको रे। घरमा आएर घरमालिकबाट वृतान्त सुनिसकेपछि ऊ रोइ, चिच्याइ गरेर अधैर्य हुन्छ। मर्ने बेलामा आमाको मुखसमेत हेर्न नपाएकोमा आफैंलाई अभागी दुःखी ठान्छ। आफ्नो पतिको वचनलाई भुलेर पतिलाई विश्वासै नगरिकन पुनः विवाह गर्ने सुशीलालाई स्वार्थी, धोकेबाज, पापी भन्दै सराप्छ। स्वार्थी मान्छेको जालमा परेर जिन्दगी बर्बाद भयो भन्दै आफ्नो छोरो ल्याउन सुशीलाकहाँ जान्छ...।

युग्मकहरू



पासाङ नर्बु लामा

**❑ किलकिले नभएकोले**

नभन्नू भनेर कसम हालेको गोपनीय कुरा थियो,
किलकिले नभएकोले अर्कालाई प्याट्ट भनिहाल्यो।

**❑ बिर्कोमा गुजुजुजु**

भड़ालमा जस्तो मनको कुरो गुमस्याएर राख्न नहुने रहेछ,
घ्याम्पाभित्रको निगारजस्तै बिर्कोमा गुजुजुजु हुँदोरहेछ।

**❑ कान**

कुरा सुनिरहने कानको चासो गएन कहिले,
आफ्नै कुरा गरेको सुनेर कान रन्कियो अहिले।

**❑ हस्ताक्षरहरूको हस्ताक्षर**

हस्ताक्षरहरूको हस्ताक्षर लिँदै गयो एक हस्ताक्षर,
कति मान्य-अमान्य रहेछ त्यो एउटा हस्ताक्षर।

**❑ चियाको चरित्र**

तरो ताजा पार्ने, तिर्खा मेटाउने चियापत्तीको चिया,
लारक-लुरुक्क पार्ने बौलाहा बनाउने मर्चा हालेको चिया।

(गान्तोक)

कविता

# सपनाको खेत



विनोद रसाइली

थाह छैन खै मलाई
कुन्नि कैलेदेखिन् हो
मेरोअघि यौटा विशाल खेत छ
सपनाको
उर्वर छ
मलिलो छ
जे रोप्यो त्यही उम्रन्छन्
यहाँ हरेक ॠतु उम्रन्छन्
हरेक मौसम फल्छन्
आँधी, हुरी र खड़ेरीहरू
यहाँ फुलिरहेका हुन्छन्
फक्रिरहेका हुन्छन्
यो खेतमा
जे रोप्यो त्यही उम्रन्छन्।

हिजो उसले जे रोप्यो
आज त्यही उम्रिरहेछ
भोलिको निम्ति
त्यही बीज उसले
सम्हालिरहेछ
मात्र
उम्रनु र फल्नुको रट लगाएर
यो खेत
सुगा कराइरहेछ।

अरूको गुँड़मा अण्डा पारेर
गीत गाउनु पाए भो कोइलीलाई
पानी परोस् कि नपरोस्
कागलाई
जैलेतैले कराउनु पाए भो
बिहान त्यही सूर्य
दैलो ढकढकाउन आइपुग्छ
बेलुकी त्यही चन्द्रमा
ताराहरूको आड़मा
बाटो ढुकिरहेको हुन्छ।

खै नयाँ के छ भनूँ
त्यही पुरानो ल्याण्डस्केप बोकेर
मेरो यो खेत उत्तानो परिरहेछ।

मने दङ्ग छ
खेतको ऐनामा
आफ्नो अनुहार देखेर
बैंसको रङ्गमा चोबलिएको
उसको अनुहार
खाइलाग्दा पाखुरा र
जोशका तरङ्गहरू
ऊ मस्त छ
अनि रोपिरहेछ
बेस्मारी खेत रोपिरहेछ
के थाह उसलाई
यहाँ
आफ्नै निम्ति
बेत रोपिरहेछ।

(खरसाङ)

* * *

पुस्तक चर्चा

# आँधी- हुरी, बतासहरूमा



शरण कार्की




सानोछँदा सुनेको एउटा पुरानो गीतले मेरो मनलाई साह्रै नराम्रोसँग गाँज्यो। फुत्कन पाइनँ। त्यो गीत कसले गाएका हुन्! मनमा खुल्दुली मच्चियो। मेरो मन-मस्तिष्कले पत्तो लगाउन सकेन। कसले गाएका हुन्, कसले लेखेका हुन्। गायकबारे केही लेख्न तम्सिएको मेरो कलमको नीबलाई जोड़ले निमोठ्यो, केही लेख्नैनसक्ने भए। कलम अचल भयो, लेख्ने जाँगर ऐठनमा पऱ्यो। उसको निमोठाइबाट फुत्कने चेष्टा कम छैन।

नाम पत्तो लगाउने चासो सेलाएको छैन, उर्लिरहेछ। मैले लेख्नैपर्छ, मैले ती गायकको नाम पत्तो लगाउनैपर्छ। हत्तपत्त मोबाइल फोनमार्फत् खोजी लगाएँ। सङ्गीतका तपस्वीहरूलाई सोधेँ, धुरन्धर गीतकार-गायकहरूलाई सोधेँ, सङ्गीतका पारखीहरूलाई सोधे, दिनभरि रेडियो सुनेर बिताउनेहरूलाई सोधेँ तर सही उत्तर पाइनँ। गायकको नाम अलग अलग पाएँ उहाँहरूबाट। उहाँहरूको सम्भाव्य उत्तरले मेरो मनको चासोलाई झन बढ़ाएर लग्यो। कसको स्वर होला, कसको गीत होला! लाग्यो, त्यो समयका सबैले त्यो गीत गाउँथे।

त्यो गीतले नेपाली गीत-सङ्गीतलाई एउटा न्यून उचाइँदेखि माथिल्लो उचाइँसम्म पुऱ्याउन एक हनुमानले पर्वत बोकेको बराबरी भूमिका निर्वाह गरेको थियो। तर आज यस्तो भयो सङ्गीतका त्यस्ता हनुमानहरूको नाम नभेटिँदा अनुमान लगाउनुपर्ने भयो। गायकको नाम पाइनँ। मनमनै सोचें, सो गीतको स्वरकारको नाम कुनै आँधी, हुरी-बतासहरूले नेपाली गीत-सङ्गीतको पानाबाट चुँड़ेर लगेछ, पाना च्यातेर लगेछ। यतिमै मेरो मनको जिज्ञासाले विश्राम पाएन। मलाई लेख्नु छ उनै गायकमाथि। पाठकहरूसामू गायकको सही नाम बताइदिने अर्जी गरेर, आफ्नो लेखन कार्यलाई पूरा गरेँ। आजसम्म मेरो प्रश्नले उत्तर पाएको छैन।

त्यो दिनदेखि आजसम्म मनमा खट्किएको कुरा, हाम्राहरूले त्यस समय लेख्नेले लेखे, गाउनेले गाए, बजाउनेले बजाए, बनाउनेले बनाए आफूले तयार गरेको कुनै दसी नछोड़ी। यो मेरो रचना हो, यो मेरो सिर्जना हो भनेर कुनै दसी छोड़िदिएको भए मजस्तो सङ्गीतसँग चासो राख्ने अनभिज्ञहरू यस्तो भवसागरमा डुब्नुपर्ने छैन। गीत-सङ्गीतभित्र यस्ता धेरै गीत होलान्, कसले गाएका होलान्, कसले रचना गरेका होलान्! गीत मीठो लाग्यो, स्वर-सङ्गीतले कान, मन दुइटै समात्यो। तर लेख्ने-गाउने हस्तीहरूको नाम थाहा पाउन मुस्किल। गीतकारबाट आफूद्वारा रचित गीति पुस्तकहरूको प्रकाशन भइदिएको भए सङ्गीत साधनामा चासो राख्नेहरूलाई राम्रो टेवा पुग्नेथियो। राम्रो जानकारी हुनेथियो। यस्तै केके सोचिरहेको समय 'के खोज्छस् कानो आँखो' भयो मलाई। एक थाक पुस्तक हात लाग्यो। खोलेर हेरेँ।

कालूसिंह रनपहेंलीद्वारा रचित १०८ वटा गीतको सँगालो '**आँधी- हुरी-बतासहरूमा**' गीति पुस्तक रहेछ। खुबै खिप्ती गरेर गीतकारले आफूद्वारा रचित गीतहरू एउटा पुस्तकमा खामेर प्रकाशन गरेका रहेछन्। भक्ति भाव, धुन भरिएकाहरू अनि धुन पर्खिएकाहरू तीन भागमा विभाजित मोठ १०८ गीत पाउँदा हर्ष लाग्यो। गीतकार कालूसिंह रनपहेंली केवल गीत लेख्छन् होइन। उनी साहित्य विधामा जे जति विधा छन् जम्मै विधामा कलम चलाउँछन्। कलम चलाउँछन् मात्र होइन थानका थान लेखेर साहित्यलाई ह्वात्त मोटो बनाउने ह्याउ राख्छन्। त्यतिले मात्र उनको चित्त भरिएन। मनको जाँगर झन फैलियो, केही लेख्नुपर्छ -को विशाल फाँट निर्माण भयो जहाँ दुइलहरे कविता 'युग्मक' विजारोपण गरे। साहित्यमा नयाँ विधा थपिदिए युग्मक। युग्मक, कविता, गीत, कथा, नाटक, निबन्ध सबै पक्षमा उनी फेविकोल, एमसील लगाएझैं उप्काउननसक्ने गरी टाँसिएका छन्; मौरी महमा झुत्तिएझैं। कविता, कथा, युग्मक सबै विधामाथि लेखिएका सँगालोहरू रचनाकार रनपहेंलीले नेपाली साहित्य जगतलाई अर्पण गरिसकेका छन्। यतिञ्जेल उनको नाटक संग्रह मात्र देख्नपाइएको छैन। प्रकाशित भएर पनि आफूलाई थाहा नभएको हो कि नाटक प्रकाशनको ढोका खोलिएकै छैन, त्यो थाहा भएन। भोलिको दिनमा यो अभाव पनि पूरा होलान्। कुरा आज हात लागेको नवीन गीति सँगालो '**आँधी-हुरी-बतासहरूमा**' तिरै लगौं। संग्रहमा संग्रहित गीतमध्ये तीनवटा भक्तिभाव गीत छन्। २१ वटा गीतले गायक-संगीतकारको हात चुमिसकेका छन्। मीठो स्वर, सुर-संगीतले भरिसकेका गीतहरू छन्। ८४ वटा गीत सङ्गीतकारको हात चुम्न, गायकी भेट्ने तरखरमा छन्। आफू बाल अवस्थामा छँदा सुनेका गीतहरू आज हठात सो पुस्तकमा पढ्नुपाउँदा यी गीतहरू दाइ रनपहेंलीको रचना रहेछन् भन्ने थाहा लाग्यो। जतिबेला नाटक '**आँशुले पखालिएका मूर्तिहरू**' मञ्चन भयो।

नाटक खुबै भीड़ले चलेको मेरो मस्तिष्कमा अझ आलै छ। त्यस समय राम्रो नाटक भनेको तीन दिनसम्म चल्थ्यो तर यो नाटकले एक हप्ता पार गरेर नौ दिनसम्म लगातार चलेको कुरा त्यस समयका मानिसहरू बताउँछन्। जुन नाटकको मुख्य गीत नै 'आँधी-हुरी-बतासहरूमा...' थियो। आज त्यो दिनलाई आलो गरायो रचनाकार रनपहेंलीका यी गीति संग्रहले। गीतले प्रबुद्ध सङ्गीतकार शान्ति ठटाल, केबी राई, महेश्वर लामा, राजु सुन्दासहरूको सङ्गीत पाएका छन् अनि मनिला सोताङ, सुकमीत गुरुङ, सुचिता खाती, रामकृष्ण ढकाल, देवकुमार दुमी, सुनिल मोहरा, एड्रियन प्रधान आदिको मीठो स्वरले सुरबद्ध छन्।

**'मरेर जाउँला टाढ़ामा हुँला बिर्सेला संसारले**
**सम्झना कहिले सम्झाइदेला यो मेरो गीतले...'**

गीतका रचनाकार किशोर चामलिङले यो संसारबाट बिदा लिए पनि उनी प्रेरणा बनेर बाँचिरहने कबूल गर्दै रनपहेंलीले आफ्नो पुस्तक स्वर्गीय किशोर चामलिङकन समर्पण गरेका छन्। यति मात्र नरहेर स्व. प्रेमकुमार आले, आफ्नी प्रिय भाञ्जी स्व. विवेचना दर्नालकन समर्पण गरेका छन्। नेपाली साहित्य, गीत-सङ्गीत जगतका एक दिग्गज अभिभावक डा. जस योञ्जन 'प्यासी'-को तीन पृष्ठको भूमिकाले गीतकार अनि गीति पुस्तकलाई छर्लङ्गसँग पाठकसामु उभ्याइदिएको छ। सङ्गीतकार सुश्री शान्ति ठटालले **आँधी-हुरी-बतासहरूमा** गीतलाई आफ्नो प्रिय गीत **सह्मालेर राख...** सँगसँगै राखिदिनुभएको आफ्नो लेखनमा तोक्नुभएकोले यो गीतले कति गहिराइमा डुबुल्की लगाएको छ पाठकले पुस्तक हेर्नेबित्तिकै, पढ्नेबित्तिकै पत्तो लगाइहाल्छन्।

लाटपञ्चरमा जन्मिएर, हुर्केर, बढ़ेर, पढ़ेर अनि सेवासीन भई गाउँदेखि टाढ़ा हुनु परे पनि रनपहेंलीका सबै गीत सिन्कोनाको सुगन्धले मगमगिन्छ। आफ्नो भन्नुपर्ने कुराहरूमा उनी लाटपञ्चरदेखि बाहिर भएको भान कतै हुँदैन। आफू पढ्दाहुँदी भएका साथीहरू अनि दाजु, मामाहरूसँग बिताएको क्षणलाई सम्झना गरेका छन्। ओजस्वी गीति पुस्तक नेपाली साङ्गीतिक जगतलाई अर्पण गर्नुभएकोमा रचनाकार कालूसिंह रनपहेंलीलाई साधुवाद, बधाई भन्छु। पुस्तकले नेपाली गीति जगत, पाठकहरूको हात, गीत-सङ्गीतसँग अँगालो लगाएर बसेका मानिसहरूदेखि लिएर आलोचकहरूको साङ्गीतिक तृष्णा मेट्न सफल बनोस् अनि पुस्तकमा समावेश नगाइएका गीतहरूले राम्रो सङ्गीत र गायकी चाँड़ै भेट्नुन्। आज पुस्तकमा पढ़िएका गीतहरू भोलि मीठो सङ्गीत बनी सबैको कान-कानमा गुञ्जिने अवसर प्राप्त होस् भन्ने कामना गर्छु यी गीतको अंश प्रस्तुत गर्दै।

**'कति जान्छन् मन्दिरमा**
**कति जान्छन् मस्जिदमा**
**पीर चढ़ाउन जान्छन् कोही**
**खीर चढ़ाउन जान्छन् कोही**
**कोही चढ़ाउँछन् फूलहरू**
**कोही चढ़ाउँछन् भूलहरू।**

**रात लिएर बाँच्नेलाई**
**दिन देखाई नगिज्याऊ**
**दुःख आफन्त हुनेलाई**
**परदेशी सुख नचिनाऊ**
**नूनको लागि मर्नेलाई**
**सुनको गहना नदेखाऊ।'**